# स्थानीय राजपत्र

## नौकुण्ड गाउँपालिका रसुवाद्धारा प्रकाशित

| खण्डः ९ | संख्याः १ | मितिः २०८२/०८/०५ |
|---|---|---|

## भाग -१

**नौकुण्ड गाउँपालिकाको गाउँ सभाले नौकुण्ड गाउँपालिकाको अटो रिक्सा दर्ता (सञ्चालन तथा व्यवस्थापन सम्बन्धी) ऐन, २०८२ स्वीकृत गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

## सम्बत् २०८२ सालको ऐन संख्या १

### नौकुण्ड गाउँपालिकाको अटो रिक्सा दर्ता (सञ्चालन तथा व्यवस्थापन सम्बन्धी) ऐन, २०८२

**प्रस्तावनाः**

नौकुण्ड गाउँपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे अटो रिक्सा (टेम्पु) हरुलाई व्यवस्थापन गरी गाउँको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न वाञ्छनीय भएकाले,

नौकुण्ड गाउँपालिका, रसुवा

नौकुण्ड गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "नौकुण्ड गाउँपालिकाको अटो रिक्सा दर्ता (सञ्चालन तथा व्यवस्थापन सम्बन्धी) ऐन, २०८२" हुनेछ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अटो रिक्सा" भन्नाले इन्जिन जडित पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे अटो रिक्सा समेतलाई जनाउने छ ।

(ख) "अध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको अध्यक्षलाई बुझाउनेछ ।

(ग) "उपाध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको उपाध्यक्ष भन्ने बुझाउने छ ।

(घ) "क्रसिङ बिन्दु" भन्नाले नौकुण्ड गाउँपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरिदिएका निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ ।

(ङ) "गाउँ कार्यपालिकाको कार्यालय" भन्नाले नौकुण्ड गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनेछ ।

(च) "गाउँ क्षेत्र" भन्नाले नौकुण्ड गाउँपालिकाको सीमाना भित्रको भूभागलाई भन्ने बुझाउने छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नौकुण्ड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(ज) "विद्युतीय रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ विना विद्युत, सौर्य उर्जा वा नवीकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । जसलाई छोटकरीमा ई-रिक्सा भनिने छ ।

(झ) "रुट" भन्नाले विद्युतीय रिक्सा तथा अटो रिक्सा सञ्चालनका लागि गाउँ क्षेत्र भित्र राजमार्ग सडकबाहेक निश्चित क्षेत्र तोकीएको रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउनेछ ।

(ञ) "समिति" भन्नाले यसै ऐनको दफा १९ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(ट) "संचालन अनुमति" भन्नाले गाउँपालिकाले रुट निर्धारण गरी गाउँ क्षेत्रभित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा दर्ता भएका र दर्ताका लागि सरुवा सहमति भई आएका र नयाँ दर्ता भएका विद्युतीय रिक्सा, अटोको संचालन अनुमतिलाई बुझाउनेछ ।

(ठ) "सवारी चालक" भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्तिलाई सम्झनु पर्नेछ ।

(ड) "सवारीको वजन" भन्नाले सवारीको वजन, ईन्जिन, अन्य औजार सहित दर्ता प्रमाणपत्रमा लेखिएको कूल भार क्षमता समेतलाई जनाउन्छ ।

(ढ) "यात्री" भन्नाले सार्वजनिक सवारीवाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ण) "यात्रीवाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने तीनपाङ्ग्रे सार्वजनिक सवारी सम्झनुपर्छ ।

(त) "चालक अनुमति पत्र" भन्नाले सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट दिएको चालक अनुमति पत्र सम्झनुपर्दछ ।

(थ) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्र (ब्लू बुक) मा सो सवारीको धनी भनि लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्दछ ।

(द) "नेपाल प्रहरी" भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनुपर्छ ।

(ध) "ट्राफिक प्रहरी" भन्नाले नेपाल प्रहरी संगठन अन्तर्गत ट्राफिक प्रहरी सम्झनुपर्छ ।

(न) "गाउँ प्रहरी" भन्नाले नौकुण्ड गाउँपालिकाबाट नियुक्ति पाएका प्रहरी सम्झनुपर्छ ।

(ऩ) "सडक क्षेत्र" भन्नाले नौकुण्ड गाउँपालिका भित्रका पक्की तथा ग्रावेल सडक सम्झनुपर्छ ।

(प) "सवारी चलाउने ईलाका" भन्नाले नौकुण्ड गाउँपालिका क्षेत्र भित्र रहेका पक्की तथा ग्रावेल सडक क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद २
## दर्ता सम्बन्धी

३. **सवारी दर्ता सम्बन्धी व्यवस्थाः** (१) तीनपाङग्रे सवारीसाधन खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा सवारी विक्री वितरण गर्ने एजेन्टले खरिद गरेको वा पैठारी गरी नेपालभित्र भन्सार तिरी ल्याएको रसिद तथा प्रज्ञापन पत्र, सम्वन्धित भन्सार कार्यालयको दर्ता गरि दिने भन्ने पत्र र एकिन पत्र सहित ३० दिन भित्र नौकुण्ड गाउँपालिकाको कार्यालयमा दर्ता गराउनुपर्छ ।

(२) सवारी दर्ता गराउन निवेदन दिनुपर्ने दफा (१) बमोजिम सवारी दर्ता गराउनुपर्ने भएमा त्यस्तो सवारी नेपाल भित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। सवारी साधन दर्ता भएको मितिले एक वर्षसम्मको म्याद रहनेछ। त्यस पश्चात प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ ।

(३) सवारी दर्ता आवेदन फाराम अनुसूची-१ बमोजिम हुनेछ ।

(४) संयुक्त दर्ताः सवारी साधन संयुक्त रुपमा दर्ता गर्न सकिनेछ ।

(५) सवारी दर्ता गर्दा वातावरण प्रदूषण सम्बन्धी जाँच गराउनुपर्नेछ ।

(६) सवारी उत्पादन भएको मितिले २० वर्षसम्म मात्र नवीकरण गर्न सकिनेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

४. **<u>सवारी दर्ता दस्तुरः</u>** (१) निजी तथा भाडाको ई-रिक्सा तथा अटो सवारी दर्ता दस्तुर निजीको रु.८००/- र भाडाको रु. १०००।- हुनेछ यातायात व्यवस्था कार्यालय र अन्य निकायकाहरुमा दर्ता तथा स्थानान्तरण भई यस कार्यालयमा दर्ता गर्न आएमा दर्ता सरहको दस्तुर लिई नयाँ नम्बर कायम गरि दिइनेछ। यसरी अन्य निकायमा दर्ता तथा स्थानान्तरण भै आएका सवारीले सम्वन्धित कार्यालयमा बुझाउनु पर्ने कर, दस्तुर बुझाएको हुनुपर्नेछ अन्यथा यस कार्यालयमा तोकिए वमोजिमको कर दस्तुर लिई दर्ता गरिनेछ ।

(२) वार्षिक सवारी नवीकरण वापत अटो र ई-रिक्साको रु. ५००/- र अटोको वार्षिक कर वापत रु.३५००।- र ई-रिक्साको हकमा नेपाल सरकारले तोकेको आयकर वापत लाग्ने दस्तुर सम्वन्धित वैकमा दाखिला गरि सोको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

(३) सवारी दर्ता प्रमाण पत्र हराएमा ट्राफिक प्रहरीको सिफारिस सहित रु. ५००/ दस्तुर लिई प्रतिलिपी दिइनेछ ।

५. **<u>सवारीको दर्ता मान्यताः</u>** (१) नौकुण्ड गाउँपालिका भित्र दर्ता भएको सवारीलाइ मान्यता दिइनेछ । तर अन्य सरकारी निकायमा दर्ता भई यस गाउँपालिकामा नयाँ दर्ताको लागि निवेदन दिए नयाँ नम्बर कायम गरी दिइनेछ । यस गाउँपालिकामा सवारी दर्ता नगरी वा अनुमति नलिई यस गाउँ क्षेत्रभित्र तीनपाङग्रे सवारी चलाउन पाईने छैन ।

६. **<u>दर्ता अभिलेख सम्बन्धी व्यवस्थाः</u>** (१) नौकुण्ड गाउँपालिकामा दर्ता भएका र अन्यत्रबाट सरुवा तथा स्थानान्तरण भई आएका सवारी साधनलाई अनुसूची २ बमोजिम सवारी दर्ता किताबमा अभिलेख राख्नुपर्नेछ ।

७. **<u>दर्ता नवीकरणः</u>** (१) नवीकरणको लागि अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ

(२) नवीकरण अवधी १ वर्षको हुनेछ ।

(३) करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म वा नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र वुझाई सक्नुपर्नेछ । अन्यथा म्याद समाप्त भएको भए चैत्र महिना भित्र ५ प्रतिशत, वैशाख महिना भित्र १० प्रतिशत, जेठ र असाढ मसान्त सम्म २० प्रतिशत करमा जरिवाना लाग्नेछ ।

(४) पाँच वर्षसम्म नवीकरण नगरिएको सवारी साधनको दर्ता स्वतः खारेज भएको मानिने छ । पाँच वर्षपछि पुनः दर्ता गराउन आएमा शुरु दर्ता दस्तुर लिई गराउन पर्नेछ ।

(५) नवीकरण रजिष्टर अनुसूची ४ बमोजिम हुनेछ ।

८. **<u>ठाँउसारी वा नामसारी सम्बन्धी व्यवस्थाः</u>** (१) नौकुण्ड गाउँपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाँउसारी भई आउन वा अन्यत्र जान सहमती दिन सक्नेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

(२) उपदफा (१) बमोजिम ठाँउसारी गर्दा रु.२००।- सरुवा सहमती दस्तुर लाग्नेछ र निजी प्लेटमा नामसारी गर्दा दस्तुर रु. ६०० भाडामा नामसारी गर्दा रु. ८००।- र सरकारी प्लेटमा नामसारी गर्दा रु. ८००।- दस्तुर लाग्नेछ ।

(३) फर्म वा व्यक्तिको नाममा नामसारी गर्दा कानुन बमोजिमका आवश्यक कागजातहरु फर्म दर्ता, नवीकरण, प्यान दर्ता, भ्याट र कर चुक्ता संलग्न राखि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (१) र उपदफा (३) बमोजिमको कार्यका लागि सवारी धनिले कार्यालयमा स्वयम् उपस्थित हुनुपर्नेछ ।

(५) ठाॅउसारी रजिष्टर अनुसूची ५ बमोजिम हुनेछ ।

९. **सवारी दर्ताः** सवारी सुचिकरणको प्रमाणपत्र अनुसूची ६ बमोजिम हुनेछ ।

१०. **सञ्चालन अनुमति लिनुपर्नेः** (१) नौकुण्ड गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, अटो रिक्सा सवारी साधनले यस ऐन बमोजिम दर्ता गरी नौकुण्ड गाउँपालिकाबाट सञ्चालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई गाउँ क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

११. **अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइनेः** नौकुण्ड गाउँपालिकाको क्षेत्र भित्रको संघीय र प्रदेशस्तरीय सडक आवतजावत (कसिङ्ग विन्दु) बाहेक अन्य स्थानीय तहको अधिकारक्षेत्र भित्रको सडकमा सञ्चालनका लागि रुट अनुमतिपत्र वाहक बाहेक अन्य ईरिक्सा र अटो सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ ।

१२. **दर्ता गर्नुपर्नेः** (१) स्थान्तरण भई आएका बाहेकका सवारी गाउँक्षेत्रमा सञ्चालन हुने गरी दफा १९ बमोजिम गठित समितिले तोकेको संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र ई-रिक्सा तथा अटो रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्सा तथा अटो रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नम्बर उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएका विद्युतीय रिक्सा तथा अटो रिक्साको वार्षिक नवीकरण गर्नुपर्ने छ

(४) रुट इजाजत पत्र प्रतिलिपि दस्तुर रु.१००।- लाग्नेछ ।

(५) सवारी दर्ता निवेदन, दर्ता रजिष्टर, नवीकरण, ठाँउसारी, नामसारी, लगत कट्टा दर्ता प्रमाणपत्र र दर्ता अभिलेख अनुसूचीहरुमा तोकिए बमोजिम हुनेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

१३. **सूचना गर्नुपर्नेः** (१) यस ऐन बमोजिम नयाँ दर्ता अनुमतिका लागि गाउँ कार्यपालिकाको कार्यालयले कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ ।

१४. **निवेदन दिनुपर्नेः** सवारी दर्ता गर्न तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारीधनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिन् पर्नेछ ।

(क) सवारी धनीको नाम थर ठेगाना नागरिकता नं. र प्राप्त जिल्ला नागरिकताको प्रतिलिपि :

(ख) सवारी साधन खरिद गरेको मिति र खरिद गरेको बिल विजक

(ग) सवारीको चेसिस नम्बर

(घ) सवारीचालक आफै भए चालक अनुमतिपत्रको प्रतिलिपि

(ङ) नेपाल सरकार/प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र ब्लु बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने अन्य कागजात ।

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा गाउँ कार्यपालिकाको कार्यालयले छानबिन गरी १५ दिन भित्र दर्ता अनुमति तथा रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ ।

१५. सवारी चालक अनुमति पत्र गाउँ क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानुन बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

## परिच्छेद-३
## रुट तथा संख्या निर्धारण सम्बन्धी

१६. **रुट निर्धारण:** (१) यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटका लागि सवारीधनीले तोकिएको ढांचामा निवेदन दिनु पर्नेछ र निवेदन माथी छानबिन गरी दफा १९ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस ऐन बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछ ।

(क) राजमार्ग सडक र गाउँ कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका गाउँ क्षेत्रभित्रका सडकहरु ।

(ख) गाउँ क्षेत्रमा सञ्चालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ ।

(ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

(३) उपदफा १ वमोजिम रुट ईजाजत लिदा रु. ४००।- दस्तुर तिर्नु पर्नेछ साथै रुट ईजाजतको अवधि वढिमा १ वर्षको हुनेछ ।

(४) रुट इजाजतपत्रको ढाँचा अनुसूची ७ बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम तोकिएको म्याद समाप्त मितिले १६ औ दिन देखि ३० दिन भित्र नवीकरण गर्न आएमा दोव्वर दस्तुर लाग्नेछ । ३१ औ दिन देखि दोव्वर दस्तुर र रु. १०००।- देखि रु. २०००।- सम्म जरिवाना लाग्नेछ ।

(६) रुट इजाजतपत्रको नवीकरणको लागि दिईने दरखास्तको ढाँचा अनुसूची ८ बमोजिम हुनेछ ।

१७. **संख्या निर्धारण:** (१) गाउँ क्षेत्रभित्र सञ्चालन हुने विद्युतीय रिक्सा र अटो रिक्साको संख्या दफा १९ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा १ बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ ।

(३) उपदफा २ बमोजिम निर्धारण गरिएको संख्या गाउँ कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ ।

गोल्खाड गाउँपालिका, रसुवा

(४) पेट्रोलियम पदार्थबाट चल्ने विद्युतीय रिक्सा वा अटो रिक्सा साधनको संख्याको पुनरावलोकन दफा १९ बमोजिमको समितिले गर्नेछ ।

१८. **<u>हेरफेरः</u>** (१) सवारी साधनको स्वरुप (जस्तै रंग, ईन्जिन, चेसिस आदि) हेरफेर गर्दा कार्यालयको पूर्व स्वीकृती लिएर मात्र हेरफेर गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम स्वीकृती लिई सवारी साधनको स्वरुप परिवर्तन गरेमा दर्ता गर्दा लाग्ने दस्तुरको आधा दस्तुर लाग्नेछ । आफुखुसी सवारीको स्वरुप परिवर्तन गरेमा रु. १००० देखि ५०००।- सम्म जरिवाना लाग्नेछ ।

## परिच्छेद-४

## सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी

१९. **<u>ई-रिक्सा तथा अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिः</u>** (१) गाउँ क्षेत्रमा सञ्चालन हुने ई-रिक्सा, टेम्पुजन्य सवारी साधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) वडाध्यक्षहरु मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित २ जना | -सदस्य |
| (ङ) नजिकैको प्रहरी कार्यालय प्रतिनिधि | -सदस्य |
| (च) गाउँपालिका अध्यक्षद्धारा मनोनित अधिकृतस्तर कर्मचारी १ जना | -सदस्य |
| (छ) अटो व्यवसायीहरु मध्येबाट अटो रिक्सा समितिको अध्यक्ष वा प्रतिनिधि | -सदस्य |
| (ज) अटो रिक्सा व्यवस्थापन तथा नियमन सम्बन्धी हेर्ने शाखा प्रमुख | -सदस्य सचिव |

(२) दफा (१) बमोजिम गठित समितिमा आवश्यकता अनुसार कर्मचारी तथा अन्य गाउँपालिकाका तथा सरोकारवाला कार्यालयका पदाधिकारीहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

२०. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ई-रिक्सा, अटोरिक्सा र टेम्पुजन्य साना सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

(ख) सम्बद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसँग समन्वय गर्ने ।

(ग) भाडादर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

(घ) भाडादरमा पुनरावलोकन गर्ने ।

(ङ) सवारी साधन सञ्चालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई सञ्चालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

(च) गाउँ क्षेत्रमा सञ्चालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी तीन पाङग्रे अटो, टेम्पो साना सवारी साधनको संख्या थप घट गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) गाउँमा सञ्चालित सवारी साधनमा कलर कोड तोक्ने ।

(ज) समितिले रुट ईजाजत, रुट निर्धारण, रुट परिर्वतन गर्न सक्नेछ ।

(ञ) आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. <u>**बीमा गर्नुपर्नेः**</u> (१) सवारी धनीले प्रचलित कानुन बमोजिम यात्रु तथा तेश्रो पक्ष बीमा गर्नुपर्नेछ ।

२२. <u>**सवारीधनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तहरुः**</u> सवारी धनी तथा सवारी चालकले देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछः

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानुन बमोजिम यात्रु तथा तेस्रो पक्ष बीमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) सवारीचालकले सवारीचालक अनुमतिपत्र र ब्लूबुक साथैमा राख्नु पर्नेछ ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाईने छैन ।

(च) सवारीधनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचयपत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन ।

(ज) यात्रुसंग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

(झ) सवारी चालकले मर्यादित पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड जरिवाना सम्बन्धी

२३. **दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** यस ऐनको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमतिविना सवारी संचालन गरे गराएमा वा रुट अनुमतिविना सवारी चलाएमा, सवारी चालक अनुमति/ (लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा, क्षमता भन्दा बढी यात्रु चढाएको पाएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेमा र अन्य कानुन वमोजिमको सर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

(क) पहिलो पटक भएमा रु. ५००।- जरिवाना दोस्रो पटक सोही कसुर गरेमा रु.७५०।- तेश्रोपटक सोही कसुर गरेमा रु.१०००।- जरिवाना हुनेछ । तीन पटक भन्दा बढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट परमिट समयावधि तोकेर निलम्बन गर्ने र त्यसपछि पनि सोही कसुर दोहोराएको खण्डमा रुट परमिट खारेज समेत हुनेछ ।

(ख) यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ ।

## परिच्छेद-६

## विविध

२४. **पार्किङ्ग स्थलः** (१) गाउँपालिकाले तोकेको स्थानमा पार्किङ्ग स्थल रहने छ ।

(२) पार्किङ्ग स्थल निर्माण दायित्व गाउँपालिकाको हुनेछ ।

(३) पाकिङ्ग शुल्क नौकुण्ड गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम लाग्नेछ

(४) तोकिएको स्थान बाहेक अन्यत्र पाकिङ्ग गर्न पाईने छैन ।

२५. **दर्ता अनुमति भई रुट इजाजत प्राप्त रिक्साहरु सञ्चालन अवधीः** (१) यो ऐन बमोजिम रुट इजाजत प्राबिधिकबाट जाँच गराई पुनरावलोकन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको प्रतिवेदनका आधारमा संचालन गर्ने वा नगर्ने निर्णय दफा १९ बमोजिमको समितिको निर्णय बमोजिम हुनेछ ।

(३) दफा १९ बमोजिमको समितिले जुनसुकै बेला सम्बन्धित प्राविधिकबाट जाचं गर्दा सञ्चालन योग्य नदेखिएमा जुनसुकै बेला पनि स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता, नवीकरण, रुट परमिट, ठाउँसारी र नामसारीका सम्बन्धमा देखिएका जटिलताका सम्बन्धमा निर्णय दिने अधिकार दफा १९ बमोजिम गठन हुने समितिलाई हुनेछ र सो समितिले यस ऐनका जटिलताका सम्बन्धमा गरेको निर्णय अनुमोदन कार्यपालिकाबाट गराउनु पर्नेछ ।

२६. **<u>सवारी साधनको लगत कट्टा:</u>** (१) दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरी क्षतीग्रस्त भई सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा साधनको लगत कट्टा गर्न सक्नेछ ।

(२) सवारी लगत कट्टा रजिष्टर अनुसूची ९ बमोजिम हुनेछ ।

२७. **<u>सवारी जाँचपास:</u>** (१) सार्वजनिक सवारी, ईरिक्सा, अटोरिक्साले निवेदन दिई प्राविधिकवाट सवारी जाँचपास गराउनु पर्नेछ । सवारी जाँचपास दस्तुर देहाय वमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) अटो रिक्सा | रु. १००/- |
| (ख) ई-रिक्सा | रु. ५००- |

(२) उपदफा (१) वमोजिम प्राविधिकवाट जाँचपास भएपछि अनुसूची १० वमोजिम प्रमाणपत्र उपलव्ध गराईनेछ ।

२८. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने:</u>** यस ऐन वमोजिम प्राप्त अधिकारहरु आफु मातहतका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **<u>प्रचलित कानुन बमोजिम</u>** (१) यस ऐनमा प्रचलित संघीय र प्रदेश कानुन सँग बाझिएका दफाहरु स्वतः निष्कृय रहनेछन र यस ऐनमा उल्लेख भए वाहेकका विषयवस्तुहरु प्रचलित कानुन बमोजिम हुनेछन ।

३०. **<u>नियम बनाउन सक्ने:</u>** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियम, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

३१. **<u>खारेजी र बचाउ:</u>** (१) अन्य निकायमा दर्ता भई लगत हस्तान्तरण (सरुवा सहमती) भै यस कार्यालयमा दर्ता भएका ई-रिक्सा तथा अटो रिक्सा यसै ऐन बमोजिम दर्ता भएको मानिने छ

नौकुण्ड गाउँपालिका, रसुवा

**अनुसूची - १**

**(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)**

<u>तीन पाङ्ग्रे सवारी दर्ताको निवेदन फाराम</u>

मिति :

विषय :- सवारी दर्ता आवेदन फाराम ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नौकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरमथली, रसुवा ।
महोदय,

निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

(१) सवारी धनीको नाम :-
(२) सवारीको किसिम :-
(३) सवारी निर्माण कम्पनीको नाम :-
(४) सवारी बनेको साल :-
(५) मोडेल नं.:-
(६) सिलिण्डर संख्या :-
(७) चेसिस नं.:-
(८) हर्ष पावर (सि.सि.) :-
(९) सवारीको रंग :-
(१०) सवारीको सिट/वजन क्षमता :-
(११) पेट्रोल / डिजल :-
(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-
(१३) भन्सार तिरेको प्रमाण :-
(१४) सवारी खरिद भै आएको मिति :-
(१५) सवारी खरिद गरेका बिल प्रमाणहरु :-
(१६) प्रयोग :-
(१७) चलाउने इलाका :-
(१८) साविक नं.-

निवेदक
नाम :-
ठेगाना :-
दस्तखत :-

नौकुण्ड गाउँपालिका, रसुवा

फोटो

अनुसूची -२

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

नौकुण्ड गाउँपालिकाको कार्यालय

सरमथली, रसुवा ।

<u>सवारी दर्ता रजिष्टर</u>

फोटो

बिल बुक नं.

| सवारी नं | सवारी धनीको नाम, थर र बतन | सवारीको विवरण | दर्ता मिति | नवीकरण मिति | म्याद पुग्ने मिति | दस्तुर भौचर रकम | साविकको मालिकको दस्तखत | चढाउनको दस्तखत | सवारी दर्ता गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १. सवारीको किसिम :<br>२. बनाउने कम्पनी<br>३. मोडेल वा बनेको साल :<br>४. सिलिण्डर :<br>५. हसंपावर सि.सि.<br>६. चेचिस नंः<br>७ इन्जीन नं :<br>८. रंगः<br>९. सिट वा वजन क्षमताः<br>१० पेटील डिजलले चल्ने<br>११. रेडियोः<br>१२. खरिद भएको व्यक्ति बा | | | | | | | | |

नौकुण्ड गाउँपालिका, रसुवा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्पनी.......<br>१३. भन्सार तिरेको निस्सा<br>क) भन्सार कार्यालय :<br>खः प्र.प.नंः<br>गः दर्ता नं.:<br>घ) मिति :<br>१४. साविक नम्वर<br>१५ अन्य विवरण | | | | | | | | |

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची ३

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

<u>सवारी नवीकरण आवेदन फाराम</u>

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालीकाको कार्यालय
सरमथली, रसुवा

विषय : सवारी नवीकरण आवेदन फाराम ।

महोदय,

निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौं । पेश गरेको विवरण ठिक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

(१) सवारी धनीको नाम :-
(२) सवारीको किसिम :-
(३) सवारी निर्माण कम्पनीको नाम :-
(४) सवारी बनेको साल :-
(५) मोडेल नं. :-
(६) सिलिण्डर संख्या :-
(७) चेसिस नं.:-
(८) हर्ष पावर (सि.सि.) :-
(९) सवारीको रंग :-
(१०) सवारीको सिट/वजन क्षमता :-
(११) पेट्रोल / डिजल :-
(१२) ई-रिक्सा / अटो रिक्सा :-

निवेदक
नाम :-
ठेगाना :-
दस्तखत :-
फोन नं :-

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची -४

(दफा ७ को उपदफा ५ सँग सम्बन्धित)

नौकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली रसुवा

<u>सवारी नवीकरण रजिष्टर</u>

| क्र.स. | सवारीको नम्बर | नवीकरण मिति | नवीकरण अवधी | नवीकरण दस्तुर र मिति | पेश गर्नेको दस्तखत | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची फाराम -५

(दफा ८ को उपदफा ५ सँग सम्बन्धित)

नौकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

<u>सवारी ठाँउसारी रजिष्टर</u>

| क्र.सं. | ठाउँसारी गर्ने कार्यालयको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | ठाउँसारी भई गएका/आएको स्थान | दस्तुर र मिति | पेश गर्नेको दस्तखत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची -६

(दफा ९ सँग सम्बन्धित)

तीन पाङ्ग्रे सवारी सुचिकरणको प्रमाणपत्र ढाँचा

नौकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

<u>सवारी सुचिकरण प्रमाणपत्र-</u>

| | |
|---|---|
| सवारी साधनको किसिम | <u>सवारी साधन धनिको फोटो</u> |
| सवारी साधनको दर्ता नम्बर | |
| सवारी साधनको ईन्जिन नम्वर | |
| सवारी साधनको चेसिस नम्वर | सवारी धनिको नाम |
| | सवारीधनिको ठेगानाःअ |
| | सवारी धनिको नागरिकता नम्वर |

सवारी साधन दर्ता मिति

वहाल रहने अवधि

नोटः यो प्रमाणपत्र हराई कसैले भेट्टाएमा नौकुण्ड गाउँपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनहुन अनुरोध छ ।

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची -७

(दफा १६ को उपदफा ४ संग सम्वन्धित।

नौकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

<u>वाटो (रुट) ईजाजतपत्र</u>

नौकुण्ड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सरमथली, रसुवा

**<u>रुट परमिट इजाजत पत्र</u>**

सवारी दर्ता नं.

सवारी धनिको नाम :

वतन :

सवारी धनिको हस्ताक्षर

दर्ता गर्ने अधिकारीको हस्ताक्षर

सवारी साधनको विस्तृत विवरण

| |
|---|
| १.कम्पनीको नाम : |
| २. सवारीको मोडल : |
| ३. बनेको साल : |
| ४. सिलिण्डर संख्या : |
| ५. हर्ष पावर/सि.सि. : |
| ६. च्यासिस नम्बर : |
| ७. इन्जिन नम्बर : |
| ८. सवारीको रङ : |
| ९. चालक सहित सिट क्षमता : |
| १०. पेट्रोल/डिजेल : |
| ११. रेडियो छ/छैन : |
| १२. खरिद भै आएको मानिस वा कम्पनी : |
| १३. प्रयोग : |
| १४ चलाउने इलाका : |
| १५. भन्सार निस्सा : |

| इजाजत-पत्र पाएको क्षेत्र (रुट) | वहाल अवधि | इजाजत पत्र दिने वा नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | वहाल |
|---|---|---|---|
| | | | |

**<u>प्रमाणित गर्ने</u>**

नाम थरः

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः

**निर्देशिका**

१. यो ईजाजत पत्र सवारी साधनको साथमा अनिवार्य रुपमा राख्नु पर्दछ।

२. यो ईजाजत पत्रमा बहाल रहेको म्याद भुक्तानी भएको मितिले १५ दिन भित्र नवीकरण नगराएमा सो म्याद भुक्तानी भएको मितिले १ महिना भित्रको लागि दस्तुरको शत प्रतिशत थप अतिरिक्त दस्तुर लाग्ने छ।

३. सो अवधि भित्र पनि नवीकरण नगराएमा ईजाजत पत्र खारेज हुनेछ।

४. यस ईजाजत पत्रमा तोकिएको बाटो वा क्षेत्र वाहेक अन्य ठाउँमा सवारी संचालन गर्न पाइने छैन।

५. बाटो इजाजत पत्र नवीकरण गर्न आउदा सवारीको जाचपास प्रमाण पत्र पेश गर्नु पर्नेछ।

६. ईजाजत पत्र हराएमा संचालन भएको क्षेत्रको ट्राफिक प्रहरी कार्यालय बाट सो हराएको व्यहोराको सिफारिस पत्र समेत पेश गरि ७ दिन भित्र प्रतिलिपी लिई सक्नु पर्नेछ ।

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची-८

(दफा १६ को उपदफा ६ संग सम्वन्धित)

<u>बाटो इजाजत पत्र नवीकरण गराउनका लागि दिईने दरखास्त</u>

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
नौकुण्ड गाउँकार्यपालिकाको कार्यालय
सरमथली रसुवा

विषयः बाटो ईजाजत नवीकरण गरी पाउँ ।

निम्न विवरण सवारीको निम्नानुसारको बाटो इजाजत पत्र नवीकरण गरी पाउनको लागि लाग्ने दस्तुर आवश्यक कागज पत्र यसै साथ संलग्न राखी दरखास्त दिएको छु छौ। निन्नानुसार बाटो इजाजत पत्र नवीकरण गरि पाउ ।

१) यातायात सेवाको नाम र ठेगाना......................................

२) सवारी धनीको नाम र ठेगाना....................................

३) सवारी व्यवस्थापनको नाम र ठेगाना.................................

४) सवारी दर्ता नम्बर....................................

५) सवारीको किसिम..................................................

६) सवारीको बाटो ईजाजत पत्र नम्बर....................................

७) सवारीको बाटो ईजाजत पत्र नवीकरण गर्नुपर्ने क्षेत्र

क. ख.

ग. घ.

८) साविक बाटोमा थपघट भएको भए सो को बिवरण

क

ख

९) बाटो इजाजत पत्रको बहाल अवधि

१०) बाटो इज्जाजत नवीकरण गर्नुपर्ने अवधि

११) जाँचपास सम्बन्धि विवरण

क. जाँचपास भएको मिति र अवधि मिति

ख. जाँचपास गरि दिने कार्यालय

नौकुण्ड गाउँपालिका, रसुवा

१२) सवारी बीमा सम्बन्धि विवरण

| | | | |
|---|---|---|---|
| सवारी बीमा | बीमा भएको मिति | अवधि | बीमा गर्ने कम्पनी वा निकाय |
| यात्रु बीमा | बीमा भएको मिति | अवधि | बीमा गर्ने कम्पनी वा निकाय |
| मजदुर बीमा | बीमा भएको मिति | अवधि | बीमा गर्ने कम्पनी वा निकाय |
| तेस्रो पक्ष बीमा | बीमा भएको मिति | अवधि | बीमा गर्ने कम्पनी वा निकाय |
| यात्रु गुण्टा बीमा | बीमा भएको मिति | अवधि | बीमा गर्ने कम्पनी वा निकाय |

१३) सवारीमा काम गर्ने कर्मचारीको विवरण पहिले दिएको विवरण परिवर्तन भएको मात्र

क. चालकको नाम थर ठेगाना र अनुमति पत्र नम्बर

ख. अन्य कर्मचारीको नाम थर र ठेगाना

१४) यात्रुवहाक सवारीको टिकट काउन्टर रहने स्थान

१५) सवारी नचलेको समयमा पार्किङ्ग गर्ने स्थान

१६) अन्य

दरखास्त वालाको दस्तखत.................

नाम थर...............................................

ठेगाना................................................

मिति...................................................

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची ९

(दफा २६ को उपदफा २ सँग सम्बन्धित)

नौकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

सवारी लगत कट्टा रजिष्टर

| क्र.सं. | सवारीधनीको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | दस्तुर र मिति | लगत कट्टा मिति | फांटवालाको दस्तखत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची-१०

(दफा २७ संग सम्वन्धित)

नौकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

<u>जाँचपास प्रमाण पत्र</u>

१. सवारी दर्ता नम्बर
२. सवारीको किसिम
३. यातायात सेवाको नाम
४. सवारी धनीको नाम थर
५. सवारी को चेसिस नम्बर
६. सवारीको इन्जिन नम्बर
७. सवारीको मोडेल र निर्माता कम्पनी
   क) मोडेल
   ख) निर्माता कम्पनी
८. सवारीको रंग
९. इन्धनको किसिम
१०. सवारीको वजन क्षमता
११. धुँवाको मात्रा
१२. सवारी जाँच गरेको मिति
१३. सवारी जाँचपासको बहाल अवधि
१४. अन्य सेवाशर्तहरु

सवारी जाँचपास गर्ने प्राविधिकको
सही
नाम थर
मिति

जाँचपास गर्ने अधिकारीको
सही
नाम धर
मिति

**प्रमाणिकरण मितिः २०८२/०८/०५**

**आज्ञाले**
**सुर्य बहादुर तामाङ**
**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा